# गोरखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/११/१६ गतेको बैठकका प्रस्ताव तथा निर्णयहरु-

**प्रस्ताव नं १:**

१३औं नगरसभाको अधिवेशन गर्ने मिति परिवर्तन सम्बन्धमा ।

**निर्णय नं १:**

गोरखा नगरपालिकाको मिति २०८०।१०।२८ गतेको कार्यपालिका बैठकबाट १३औं नगरसभाको अधिवेशन मिति २०८०।११।१७ गते गर्ने निर्णय गरिएकोमा विशेष कारणवश स्थगित गरिएकोले उक्त नगरसभाको अधिवेशन मिति २०८०।११।२४ गते बिहान ११.०० बजे नगरपालिकाको सभाहलमा गर्ने र कार्यसूची सम्सोधन गरी पुनः नगरसभा सदस्यहरुलाई पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं २:**

आगामी नगर कार्यपालिकाको बैठक सम्बन्धमा ।

**निर्णय नं २:**

आगामी १३औं नगरसभाको अधिवेशन तयारीको लागि नगर कार्यपालिकाको बैठक मिति २०८०।११।२० गते बिहान ११.०० बजे नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३:**

प्राविधिक कर्मचारीहरुलाई यातायात व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं ३:**

प्राविधिक कर्मचारीहरुलाई सरकारी सवारी साधन वा मर्मतसंभार खर्च उपलब्ध नभएको भन्ने सन्दर्भमा नगरपालिकामा रहेका सवारी साधनहरु मध्येबाट यथाशक्य व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४:**

विभिन्न वडाहरुको सडक तथा भवनको डि.पि.आर. गर्ने सम्बन्धमा।

**निर्णय नं ४:**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाका सडक तथा भवनहरुको डि.पि.आर. गर्नको लागि सडकको हकमा सडकको नाम र स्थान तथा सडकको लम्बाई समेत उल्लेख गरी वडाहरुबाट प्राप्त भएपछि इ-विड मार्फत् प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर नगर प्रमुख

Scanned with CamScanner

<u>प्रस्ताव नं ५:</u>

पुरानो बसपार्कदेखि खोलखोलेसम्म फुटपाथ सडक तथा नाला निर्माण कार्यको लागत अनुमान स्वीकृत तथा श्रोत सुनिश्चितता सम्बन्धमा ।

<u>निर्णय नं ५:</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरसभाको १२औं अधिवेशनबाट नगरस्तरीय योजना तथा कार्यक्रम अन्तर्गत गो.न.पा. वडा नं. ६ र ८ को पुरानो बसपार्कदेखि खोलखोलेसम्म नाला तथा फुटपाथ व्यवस्थापन कार्य (बहु-बर्षिय) ८० लाख बिनियोजन भएकोमा नगर कार्यपालिकाको मिति २०८०।७।१७ को बैठकबाट उल्लेखित कामको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्ने निर्णय भएको । सो कार्यकार्यान्वयन भई परामर्शदाताबाट डि.पि.आर. पेश भएकोले उल्लेखित डि.पि.आर. स्वीकृत गर्ने । साथै डि.पि.आर.मा उल्लेखित लागत अनुमान रकम रु. १४,८०,८२,५६४।४१ स्वीकृत गर्ने निर्णय गरियो ।

उल्लेखित योजनाको कार्यान्वयन सम्बन्धमा स्वीकृत लागत अनुमान अनुसारको रकम बमोजिम नियमानुसार ठेक्का प्रकियामा लैजाने, उल्लेखित योजनाको ठेक्का म्याद (खरिद सम्झौता अवधि) ३ वर्ष कायम गर्ने तथा स्वीकृत लागत अनुमान अनुसारको रकम सुनिश्चितता न.पा.बाट नै गर्ने र उक्त निर्णय अनुमोदनको लागि आगामी नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं ६:</u>

योजना तथा कार्यक्रमहरुबाट रकमान्तर गरी बजेट बिनियोजन सम्बन्धमा ।

<u>निर्णय नं ६:</u>

तपशील बमोजिमका योजना तथा कार्यक्रमहरुबाट रकमान्तर गरी बजेट बिनियोजन गरी कर्यान्वयन गर्ने निर्णय गरियो।

| सि.नं | रकमान्तर गरिने योजना/कार्यक्रम | बिनियोजित बजेट रू | रकमान्तर भै कार्यान्वयन हुने योजना/ कार्यक्रम | बजेट रू |
|---|---|---|---|---|
| १ | सेवा र परामर्श खर्च | १५ लाख | नापी कार्यालयलाई ईन्भटर र व्याट्री खरिद तथा व्यवस्थापन | २ लाख |
| २ | सेवा र परामर्श खर्च | १५ लाख | Quartz crystal लाई ऐतिहासिक गोरखा दरवारमा व्यवस्थापन गर्न आवश्यक सामग्री खरिद तथा सुरक्षाको लागि सि.सि क्यामरा जडानको लागि जिल्ला प्रहरी कार्यालय, | २ लाख ५० हजार |

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | गोरखालाई अनुदान | |
| ३ | मानसिक स्वास्थ्य तथा मनोपरामर्श मनोसामाजिक परामर्श अभिमुखीकरण कार्यक्रम र नसर्ने रोगको स्क्रिनिङ तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम | ८ लाख | मनोसामाजिक परामर्श र अभिमुखीरण कार्यक्रम स्वास्थ शाखाले सञ्चालन गर्ने | ४ लाख |
| | | | नसर्ने रोगको स्क्रिनिङ तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम स्वास्थ शाखाले सञ्चालन गर्ने | ४ लाख |
| ४ | युवा बाल बालिका किशोर किशोरीसंग मेयर/उपमेयर कार्यक्रम संचालन तथा व्यवस्थापन | १५ लाख | सामुदायिक विद्यालयका कक्षा १ का बालबालिकाहरुको स्वास्थ्य बिमा गर्ने | १० लाख |
| | | | प्रारम्भिक बाल विकास (ECD) का बालबालिकालाई खेल्दै, सिक्दै पढ्दै कार्यक्रम | ५ लाख |

<u>प्रस्ताव नं. ७</u>

मठ, मन्दिर निर्माण तथा व्यवस्थापन खर्चको बाँडफाँट सम्बन्धमा।

<u>निर्णय नं ७:</u>

मठ, मन्दिर निर्माण तथा व्यवस्थापन शीर्षकमा बिनियोजित रकम रु. २० लाख, गुम्बा व्यवस्थापनमा विनियोजित रकम रु १० लाख तथा मुस्लिम नगर भित्रका मदरसा व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु १० लाख मध्येबाट निम्न अनुसारका योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाका नाम | बजेट रु | कार्यान्वयन हुने योजना | बजेट रु |
|---|---|---|---|---|
| १ | मठ, मन्दिर निर्माण तथा व्यवस्थापन | २० लाख | आमडाँडा देवी मन्दिर निर्माण | ६ लाख |
| | | | गोरखनाथ आश्रम मन्दिर निर्माण | ५ लाख |
| | | | ओम शान्ति हल मर्मत | ४ लाख |
| | | | कृष्ण मन्दीर रानीवन | २ लाख |
| २ | मुस्लिम नगर भित्रका मदरसा व्यवस्थापन | १० लाख | सैयादना अब्बुबकर लिताफिजल कुरान | २ लाख |
| | | | रानीवन मदरशा | २ लाख |
| | | | गाईखुर जामा मस्जिद सौचालय | २ लाख |
| | | | आहाले भन्ज्यांग कब्रस्थान व्यवस्थापन | २ लाख |

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा जिल्ला गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर नगर प्रमुख

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | उन्मुलमूमि हंसिवलान | २ लाख |
| ३ | गुम्बा व्यवस्थापन | १० लाख | छेवेटार गुम्बा | ४ लाख |
| | | | वडा नं ११ गुम्बा | ३ लाख |
| | | | सतीपिपल गुम्बा | ३ लाख |

<u>प्रस्ताव नं ८:</u>

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको फाराम इन्ट्री सम्वन्धमा ।

<u>निर्णय नं ८:</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा, गोरखा नगरपालिकाको प्रशासन शाखा तर्फ बिनियोजित दलित, भूमिहीन सुकुम्बासी समस्या समाधान व्यवस्थापन खर्च शीर्षकमा विनियोजित बजेट रु. ३ लाख मध्येबाट निजहरुको संकलित फाराम प्रविष्ट गरेबापत कूल रकम रु. ८५०००।–उपलब्ध गराउने निर्णय गरियो ।

<u>प्रस्ताव नं ९:</u>

गोरखा नगरपालिका वडा नं. ११ मा सञ्चालित रोजगार तथा पूर्वाधार कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

<u>निर्णय नं ९:</u>

प्रस्ताव नं. ९ माथि छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ११ मा रोजगार तथा पूर्वाधार कार्यविधि, २०७९ अनुसार कार्यान्वयन गर्ने गरी नगरसभाको ११औं अधिवेशनबाट रकम विनियोजन भै १२औं अधिवेशनबाट समेत क्रमागत योजनामा रहेका ५ (पाँच) वटा योजनाहरुको लागि गठन भएका निर्माण समितिहरुमा सदस्यहरु थपघट गर्न वडा समितिलाई मिति २०८०-११-०३ गते वडा नं. ११ को कार्यालय परिसरमा नगरप्रमुख, नगर उपप्रमुख, वडाका वडाध्यक्ष, वडा समितिका सदस्यहरु, वडाका राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारीहरु सहितको सरोकारवालाहरुको छलफलबाट निर्णय भए अनुसार नै उल्लेखित योजनाहरुका स्थानीय लाभग्राहीहरुलाई निर्माण समितिमा समावेश/थप गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

<u>प्रस्ताव नं १०</u>

पशुपन्छी तथा कृषि विकास शाखाको योजना परिवर्तन सम्वन्धमा ।

<u>निर्णय नं १०:</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको पशुपन्छी तथा कृषि विकास शाखातर्फको तपशील बमोजिमको योजना परिवर्तन गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

Scanned with CamScanner

तपशिल

| हालको कार्यक्रमको नाम | बजेट रु. | परिवर्तन गरी समावेश गर्ने शीर्षक | बजेट रु. |
|---|---|---|---|
| पशु प्रजनन सेवा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन- पशुपन्छी शाखा | २ लाख | बर्षे घाँस बीउ ७५ प्रतिशत अनुदानमा वितरण | २ लाख |
| विभिन्न बालीको रोग किरा नियन्त्रणको लागि विषादि र वितरण | ३ लाख | मिनिटिलर वितरण | २ लाख |

पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को पशु आहारा सेवा कार्यक्रम (७५% अनुदानमा घाँसको बिउको वितरण गर्ने कृषक छनौटको मापदण्ड), २०७७ मा नगरपालिकाबाट वितरण गरिने बिऊ, वेर्ना सेट्स, स्लिप आदिको ७५% अनुदानमा वितरण गर्ने उल्लेख भएकोमा घाँसको बिऊ यथावत राखी वेर्ना सेट्स, स्लिप (नर्सरीमा उत्पादन गरेका कटिङ बिरुवा, बिऊबाट पोलिपटमा उमारेका बिरुवा) निःशुल्क वितरण गर्ने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं ११</u>

अ.हे.व. किशोर बाबु सेढाईको आकस्मिक तथा असामयिक निधनमा शोक प्रस्ताव सम्बन्धमा ।

<u>निर्णय नं. ११</u>

प्रस्ताव नं ११ मा छलफल गर्दा गोरखा नगरपालिका वडा नं. १३ प्युधर बेँशी स्वास्थ्य चौकीमा करारमा कार्यरत अ.हे.ब. किशोर सेढाईको मिति २०८०।११।१३ गते सरकारी कामको सिलसिलामा असामयिक निधन भएकोमा आजको बैठकमा १ मिनेट मौनधारण गरी मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरियो । निजको असामयिक मृत्यु भएकोमा बैठकबाट शोक प्रस्ताव पारित गर्दै निजका परिवारजनलाई आर्थिक सहयोग स्वरुप रु. १,००,०००।- (एक लाख) करार सेवा शुल्कमा विनियोजित रकमबाट प्रदान गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका
नगर कार्यपालिका
गोरखा जि.
गण्डकी प्रदेश

कृष्ण बहादुर राना मगर
नगर प्रमुख



Scanned with CamScanner